# धरान उपमहानगरपालिका

# धरान राजपत्र

खण्डः ४ धरान उपमहानगरपालिकाद्वारा प्रकाशित संख्याः ७

मितिः २०७७।११।२७

**भाग १**

**धरान उपमहानगरपालिका**

## न्याय सम्पादन (कार्यविधि सम्बन्धी) ऐन, २०७५ पहिलो संशोधन

आज्ञाले
विदुर प्रसाद खनाल
प्रमुख प्रशासकिय अधिकृत

## न्याय सम्पादन (कार्यविधि सम्वन्धी) ऐन, २०७५ लाई संसोधन गर्न वनेको ऐन

**प्रस्तावना**

धरान उपमहानगरपालिका न्याय सम्पादन( कार्यविधि सम्वन्धी) ऐन, २०७५ लाई संसोधन गर्न बा छनिय भएकोले धरान उपमहानगरपालिकाको आठौ नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "धरान उपमहानगरपालिका न्याय सम्पादन (कार्यविधि सम्बन्धी) (पहिलो संसोधन) ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **धरान उपमहानगरपालिका न्याय सम्पादन (कार्यविधि सम्बन्धी ) ऐन, २०७५( यस पछि मुल ऐन भनिने) को दफा १४ को संसोधनः** मुल ऐनको दफा १४ को उपदफा १ को सट्टामा देहायको दफा १ राखिएको छ ।(१) प्रचलित जानुनमा विवाद दर्ता दस्तुर तोकिएकोमा सोही बमोजिम तथा दस्तुर नतोकिएकोमा प्रचलित धरान उपमहानगरपालिकाको आर्थिक ऐन बमोजिमको दस्तुर वुझाउनु पर्नेछ ।

३. **मुल ऐनको दफा ५० मा थपः** मुल ऐनको दफा ५० (द) न्यायिक समितिको सदस्य सचिव भै काम गर्ने ।

४. **मुल ऐनको दफा ५६ (क) थपः** दफा ५६ (क) वडा मेलमिलापकेन्द्र सम्वन्धी ब्यबस्थाः वडा मेलमिलापकेन्द्र सम्बन्धी व्यवस्था न्यायिक समितिको सिफारिसमा नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

५. **मुल ऐनको दफा ५९ (२) को संसोधन** : मुल ऐनको दफा ५९(२) को सट्टामा देहायको दफा ५९(२) राखिएको छ । दफा ५९(२) मेलमिलापकर्ताको सुची तयार गरेपछि न्यायिक समितिले मेलमिलापकर्ता सुचिकृत गर्ने निर्णय गरी सभा समक्ष पेश गरी सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

६. **मुल ऐनको दफा ८७ (क) थप** : निर्णय कार्यान्वयन सम्वन्धी ब्यबस्थाः विवादको कुनै एउटा पक्ष धरान उपमहानगरपालिका क्षेत्र भन्दा बाहिरको भइ अन्य स्थानीय तहसँग समन्वय गर्नु पर्ने न्यायिक समितिबाट भएको निर्णयको कार्यान्वयन सम्वन्धी व्यवस्था नगरकार्यपालिकाको निर्णय वमोजिम हुनेछ।

७. **मुल ऐनको दफा ९१ को संसोधन** मुल ऐनको दफा ९३(३) हटाइएको छ ।